# प्रदेश सरकार

# कृषि उद्योग तथा सहकारी मन्त्रालय

# **समस्याग्रस्त सहकारी व्यवस्थापन समिति**

# **कोशी प्रदेश, विराटनगर**

## **अम्वे कोशी वचत तथा ऋण सहकारी संस्था लि व्यवस्थापन सम्वन्धी कार्य योजना**

प्रदेश सहकारी ऐन २०७६ को दफा ९६ बमोजिम गठित यस समस्याग्रस्त सहकारी व्यवस्थापन समितिले सोही ऐनको दफा ९७ क मा समस्याग्रस्त संघ वा संस्थाको साधारण सभा, संचालक समिति तथा लेखा सुपरिवेक्षण समितिले यो ऐन यस ऐन अन्तर्गत वनेको नियम वा विनियम बमोजिम प्रयोग गर्न पाउने सम्पूर्ण अधिकार प्रयोग गर्ने भनि उल्लेख भएको तथा कार्यक्षेत्रगत शर्तको दफा ९ मा त्रैमासिक कार्ययोजना बनाउनुपर्ने व्यवस्था भएको ।

प्रदेश सरकार, उद्योग कृषि तथा सहकारी मन्त्रालय कोशी प्रदेशको मिति २०८१-०९- २३ को निर्णयबाट समस्याग्रस्त घोषणा भएको अम्वे कोशी बचत तथा ऋण सहकारी संस्था लि. इटहरीको व्यवस्थापन गर्न कार्ययोजना बनाई सो अनुसार कार्य संचालन गर्न उपयुक्त भएको हुँदा व्यवस्थापन समितिबाट यो कार्ययोजना बनाई लागु गरिएको छ ।

**१) काम कर्तव्य र अधिकारको प्रयोग :**

- प्रदेश सहकारी ऐन २०७६ को दफा ९७ मा उल्लेखित काम कर्तव्य र अधिकारको प्रयोग गर्ने ।

**२) लगत तयार गर्ने (दफा ९८) :**

- दफा ९८ बमोजिमको लगत तयार गर्न समितिका सदस्यहरुलाई जिम्मेवारी वाडफाँड गर्ने ।

**३) अधिकार स्वतःनिलम्वन हुने (दफा १०२)**

यो समिति गठन भएको मिति देखि समस्या ग्रस्त संघ वा संस्थाको समिति, व्यवस्थापक तथा कर्मचारीको अधिकार स्वतः निलम्वन हुने भएकाले अम्वे कोशी वचत तथा ऋण सहकारी संस्थाको हकमा निम्न अनुसार गर्ने ।

१) उक्त संस्थाको ताला चावी व्यवस्थापन समितिको जिम्मामा लिने

२) संस्थाका नाममा शेयर सदस्यहरुको जाहेरीले संचालक समितिका अध्यक्ष फडिन्द्र बहादुर पुर्वछानेका नाममा मुद्धा चलिरहेको र संस्थाका धेरैजसो कागजात प्रमाणका लागि सुनसरी जिल्ला अदालतमा रहेको बुझिएको हुँदा त्याहाँ बाट जाहेरी लगायतका कागजातहरु प्रमाणित प्रतिलिपी लिने ।

३) संस्थामा रहेका छानविनका लागि आवश्यक ऋण लगानी लगायतका फायल व्यवस्थापन समितिले लिने ।

४) संस्थाको सरसफाई गरी सामानहरु व्यवस्थित गर्ने ।

५) समितिको कामलाई सहयोग हुने कम्प्युटर, ल्यापटप, स्क्यानर जस्ता सामाग्रीहरु बुझि समितिले प्रयोग गर्ने ।

६) संस्थाको संचालक समिति तथा कर्मचारीको अधिकार यो समितिले कार्य प्रारम्भ भएको मिति २०८१।०९।२५ बाट नै निलम्वन भएको हुँदा संचालक समिति तथा कर्मचारीको नाम बाट कुनै कारोवार नगर्नु नगराउनु भनि सूचना प्रकाशित गर्ने ।

७) समितिका सूचनाहरु उद्योग कृषि तथा सहकारी मन्त्रालयको वेवसाइट moiac.koshi.gov.np वा समितिको छुट्टै website बनाई राख्ने व्यवस्था गर्ने ।

८) संस्थाले प्रयोग गरेको सफट्वेयर कम्पनीलाई पछि सम्म फरक नपर्ने गरी शेयर, वचत र ऋणको विवरण उपलव्ध गराउन सफ्टवेयरमा कुनै विषय थपघट नगर्न र नहटाउन पत्रचार गर्ने ।

९) सुरक्षा निकायको सहयोग लिन सक्ने ।

१०) व्यवस्थापन समितिले आफ्नो कामको शिलशिलामा सुरक्षा निकायसंग अनुरोध गरी सुरक्षा कर्मीको सहयोग लिन सक्ने ।

**४) दावी पेश गर्न सूचना दिने**

- ❖ संस्थाका शेयर सदस्य, वचतकर्ता, तथा साहुहरुलाई आफुले पाउनुपर्ने रकमको दावी पेश गर्न राष्ट्रिय स्तरको दैनिक पत्रिकामा २१ दिनको समयावधि दिई सार्वजनिक सूचना प्रकाशित गर्ने ।
- ❖ दावीको लागि निम्न अनुसारको फारम मन्त्रालयको वेवसाइटमा राखिने र सो फारम डाउनलोड गरी भर्न सकिनेब्यवस्था गर्ने ।
- ❖ दावी फारम आफु वा प्रतिनिधि मार्फत समितिको कार्यालयमा आई बुझाउनुपर्ने ।
- ❖ मेल मार्फत पनि दावी फारम पठाउन सकिने तर मेल मार्फत पठाएकोमा फोन मार्फत प्राप्त भए नभएको र दर्ता नं समेत एकिन गर्ने जिम्मेवारी सम्वन्धितको हुने विषय सूचनामा उल्लेख गर्नुपर्ने ।

❖ संस्थाबाट लगानी भएको तथा ऋण लिएका व्यक्ति तथा संस्थासँग पत्राचार तथा सुचना प्रकाशित गरी अशुली सम्बन्धि कारबाही अगाडि बढाउने ।

**५) खाता संचालन :**

समितिका अध्यक्ष वा निजले तोकेको सदस्य र सदस्य सचिवको संयुक्त दस्तखतबाट संचालन हुने गरी राष्ट्रिय वाणिज्य बैंकमा व्यवस्थापन समितिको पछाडी अम्वे कोशी नाम उल्लेख गरी चल्ती खाता खोल्ने ।

### ६) खातामा जम्मा गर्न सूचना प्रकाशित गर्ने

क) संस्थालाई तिर्न बुझाउन बांकी रकम, भाखा नाघेको ऋणको सावाँ व्याज लगायतको रकम उक्त खातामा जम्मा गर्न सूचना प्रकाशित गर्ने ।

ख) ऐनको दफा १०६ (१) क,ख,ग अनुसार चल अचल सम्पत्ति, राहदानी रोक्का गर्न तथा कालो सूचिमा राख्न सम्बन्धित निकायमा लेखी पठाउने ।

ग) भाखा नाघेको ऋणिको सम्पत्ति, संचालक समितिको रोक्का रहेको सम्पत्ति लिलामी प्रक्रिया अघाडि बढाउन ३५ दिने सूचना प्रकाशित गर्ने । धितो तथा रोक्का रहेका जग्गाहरुको निरिक्षण गरी सम्पत्तिको पन्चकृत मूल्य निर्धारण गर्ने तथा तीन पुस्ते सहित लिलामको सूचना प्रकाशित गरी लिलामी प्रकृया अगाडि बढाउने ।

### ७) सम्पर्क समन्वयः

- ❖ उद्योग कृषि तथा सहकारी मन्त्रालय सँग निरन्तर सम्पर्कमा रही आवश्यक समन्वयमा कार्य गर्ने ।
- ❖ नियमित रिपोर्टिङ गर्ने ।
- ❖ सुरक्षा व्यवस्थाको लागि आन्तरिक मामिला तथा कानून मन्त्रालय र प्रहरी कार्यालय सँग समन्वय गर्ने ।
- ❖ कार्ययोजना र कार्य प्रगतिको बारेमा माननीय मुख्यमन्त्री, माननीय मन्त्रीज्यूहरु, सचिवज्यू, महाशाखा प्रमुख ज्यू, रजिष्टार ज्यू सँग जानकारी तथा छलफल गर्ने ।
- ❖ बचत कर्ताका प्रतिनिधि, संचालक, कर्मचारी, पालिकाका प्रतिनिधिहरु सँग आवश्यकताका आधारमा छलफल गर्ने ।

### ८) प्रतिवेदन प्रस्तुती :

- ❖ समितिले कार्य प्रारम्भ गरी ३ महिनामा भएको कार्य प्रगति प्रतिवेदन मन्त्रालयमा पेश गर्ने ।
- ❖ ६ महिनामा स्थिति विवरण सार्वजनिक गर्ने ।

### ९) विशेषज्ञ सेवालिने ।

- ❖ हिसाव परिक्षण धितोमा रोक्का गरिएको चल अचल सम्पत्ति पहिचान, नापजाँच, सफ्टवेय परिक्षण लगायतका विषयमा विशेषज्ञ सेवालिन सकिने ।

### १०) व्याजको गणना :

- ❖ ऋणमा लिने व्याज ऋणीको साँवा र सो को ब्याज गणना गर्दा तिरे बुझाएको मितिको अन्तिम मिति सम्मको गरिने ।

### ११) दायित्व भुक्तानी

❖ समितिले खोलेको चल्ती खातामा रकम जम्मा भएको आधारमा TOR मा उल्लेख भए अनुरुप दायित्व भुक्तानीको योजना निर्माण गर्ने ।

## १२) वचतकर्ताका प्रतिनिधिको जिम्मेवारी

❖ समितिको कामलाई सहयोग गर्ने ।

❖ सबै बचतकर्तालाई दावी फारम भराउन सहयोग गर्ने ।

❖ ऋणीहरुको धितो खोजी गरी समितिमा जानकारी गराउने

❖ अध्यक्ष संचालक र ऋण नतिर्ने ऋणीहरुको चल अचल सम्पत्तिको जानकारी तथा आवश्यक सूचनाहरु दिने ।

## १३) परिमार्जन तथाथप घट गर्न सक्ने

उपरोक्त कार्ययोजनालाई आवश्यकता अनुसार व्यवस्थापन समितिले परिमार्जन तथा थप घट गर्न सक्नेछ ।